
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ८० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत २१ गते मंगलबार ❑ 4 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## उपनिर्वाचनका लागि उम्मेदवारी मनोनयन दर्ता सम्पन्न

**रासस**
काठमाडौं, २० चैत

आगामी वैशाख १० गते आइतबार हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि निर्धारण भएको निर्वाचन कार्यक्रमअनुसार सोमबार उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने कार्यक्रम तीन वटै निर्वाचन क्षेत्रमा शान्तिपूर्णरूपमा सम्पन्न भएको छ। चितवन जिल्ला निर्वाचन क्षेत्र नं २, तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं १ र बारा जिल्ला निर्वाचन क्षेत्र नं २ मा हुने उपनिर्वाचनका लागि सम्बन्धित निर्वाचन क्षेत्रमा यही चैत १८ गते स्थापना भएका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा आज बिहान १० बजेदेखि साँझ ५ बजेसम्म उम्मेदवारको मनोनयनपत्र दर्ता गरिएको निर्वाचन आयोगले जनाएको छ।

आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालकाअनुसार चितवन जिल्ला निर्वाचन क्षेत्र नं २ मा २४ जना, तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं १ मा नौ जना र बारा जिल्ला निर्वाचन क्षेत्र नं २ मा ३६ जना उम्मेदवारले उम्मेदवारी मनोनयन दर्ता गराएका छन् । मनोनयन दर्ता गराउनेमा ३३ जना दलको तर्फबाट र ३६ जना स्वतन्त्र गरी जम्मा ६९ जना उम्मेदवार रहेका छन् ।

## जनताको विश्वास जित्दै पार्टीका उम्मेदवारलाई विजयी गराउनुपर्छ : महामन्त्री थापा

**पोखरापत्र संवाददाता**
दमौली, २० चैत



नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले उपनिर्वाचनमा जनताको विश्वास जित्दै पार्टीका उम्मेदवारलाई विजयी गराउनुपर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस तनहुँले सोमबार दमौलीमा आयोजना गरेको उपनिर्वाचनका लागि उम्मेदवारी दर्ता कार्यक्रमलाई सम्बोधन गर्दै महामन्त्री थापाले उपनिर्वाचनमा पार्टीको उम्मेदवारलाई विजयी गराउन एक ढिक्का भएर लाग्नुपर्ने बताउनुभयो।

"आवधिक निर्वाचनको विशेष महत्त्व छ, निर्वाचनका बेला जनताले आफ्नो मत जाहेर गरेर प्रतिनिधि छान्छन्", उहाँले भन्नुभयो, "हामीले जनताको विश्वास जित्नुपर्छ ।" महामन्त्री थापाले उपनिर्वाचनमा पनि सत्तारूढ गठबन्धनबीच तालमेल भएकाले तालमेललाई इमानदारीपूर्वक कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । "तालमेलका विषयमा विभिन्न मत छन्, मैले पार्टीभित्र पनि फरक मत राख्दै आएको हुँ, त्यसको फरक कारण छ", उहाँले भन्नुभयो, "पार्टीभित्र फरक मत राख्न पाइन्छ, निर्णय भएपछि त्यसलाई कार्यान्वयन गर्नुपर्छ ।" नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री शङ्कर भण्डारीले लोकतन्त्रको संस्थागत विकासविना देश विकास हुन नसक्ने र त्यो कांग्रेसको नेतृत्वमा मात्रै सम्भव रहेको बताउनुभयो। तनहुँको विकासका लागि कांग्रेसका उम्मेदवारले जित्नैपर्ने भण्डारीले बताउनुभयो।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं तनहुँ क्षेत्र नम्बर १ का उम्मेदवार गोविन्द भट्टराईले यसै क्षेत्रबाट निर्वाचित भएर राष्ट्रपति बन्नुभएका वरिष्ठ नेता रामचन्द्र पौडेलको विकास योजनालाई पूरा गराउन आफू उम्मेदवार बनेको बताउनुभयो । उहाँले जिल्लाको खानेपानी, सडक, बिजुलीलगायतका क्षेत्रमा विकास गर्न कांग्रेसको नेतृत्व आवश्यक रहेको बताउनुभयो।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य ध्रुव वाग्लेले तनहुँमा कांग्रेसको गरिमा पुनः कायम गर्नुपर्ने बताउनुभयो । आगामी वैशाख १० गते हुने उपनिर्वाचनका लागि तनहुँ-१ को प्रतिनिधिसभा सदस्यमा नौ जनाको उम्मेदवारी दर्ता भएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालयमा आज नौ जना उम्मेदवारले उम्मेदवारी दर्ता गराएका हुन् । नेपाली कांग्रेसबाट गोविन्द भट्टराई, नेकपा (एमाले) बाट सर्वेन्द्र खनाल, राष्ट्रिय स्वतन्त्र पार्टीबाट डा स्वर्णिम वाग्ले, राप्रपाबाट शोभा गुरुङ, नेपाल मजदुर किसान पार्टीबाट रामप्रसाद प्रजापति, राष्ट्रिय जनमुक्ति पार्टीबाट पूर्णबहादुर राना, मङ्गोल नेशनल अर्गनाइजेशनबाट प्रेमबहादुर थापा, नेकपा समाजवादीबाट गणेश श्रेष्ठ, नागरिक उन्मुक्ति पार्टीबाट भीमबहादुर सुनारले उम्मेदवारी दर्ता गराएको निर्वाचन कार्यालय तनहुँका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो । उम्मेदवारी दर्ताका लागि बिहान १० बजेदेखि ५ बजेसम्म समय निर्धारण गरिएको थियो । मङ्गलबार बिहान १० देखि अपराह्न ३ बजेसम्म उम्मेदवारका विरोधमा उजुरी दिन सकिने आयोगले जनाएको छ।

बुधबार अपराह्न ५ बजेसम्म मनोनयन पत्र र उजुरीमाथि जाँचबुझ गरी निर्णय गर्ने र सोही दिन साँझ ६ बजेभित्र उम्मेदवारको नामावली प्रकाशित गर्ने, चैत २३ गते बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारको नाम फिर्ता लिने तथा अपराह्न ३ बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने कार्यतालिका छ।

अन्तिम नामावली प्रकाशित भएपछि उम्मेदवारले निर्वाचन चिह्न पाउनेछन्। आगामी वैशाख १० गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुनेछ।

## कानूनी प्रक्रियालाई सम्मान गरेर अघि बढ्छु : सभापति लामिछाने

**पोखरापत्र संवाददाता**
दमौली, २० चैत



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले राहदानी विवादमा परेको मुद्दामा कानूनी प्रक्रियालाई सम्मान गरेर अघि बढ्ने बताउनुभएको छ।

तनहुँ निर्वाचन क्षेत्र नम्बर १ को उपनिर्वाचनमा पार्टीका तर्फबाट डा स्वर्णिम वाग्लेको उम्मेदवारी दर्तापछि आज यहाँ सञ्चारकर्मीसँग कुरा गर्दै सभापति लामिछानेले मुद्दाको सम्बोधन हुने भए पनि प्रतिशोध र षड्यन्त्र सम्बोधन गर्न नसकिने बताउनुभयो । "आज एउटा मुद्दा पर्छ, भोलि अर्को पर्छ, यो त षड्यन्त्र हो, भइरहन्छ", लामिछानेले भन्नुभयो । कुनै मान्छेलाई लखेट्ने गरी गरिएको गलत प्रवृत्तिको विरोध गर्दै लामिछानेले मुद्दा लड्ने एउटा प्रक्रिया भएको र उक्त प्रक्रियामा सहभागी हुने बताउनुभयो।

"कानूनी राज्यको प्रक्रियालाई सम्मान गर्दै त्यसमा सहभागी हुन्छु, कानूनी प्रक्रियाबाट भागेको मान्छे होइन", लामिछानेले भन्नुभयो, "म त्यसबाट भागेको कहिले पो छु र ?" लामिछानेले आग्रह पूर्वाग्रहका बारे अदालतले पनि बुझ्ने बताउँदै यो मुद्दा हो कि षड्यन्त्र हो अदालतले बुझ्नुपर्ने बताउनुभयो।

## लामिछानेविरुद्ध सर्वोच्चमा रिट, सुनुवाइ हुने

**रासस**
काठमाडौं, २० चैत

सर्वोच्च अदालतमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको राहदानी दुरुपयोगसम्बन्धी मुद्दा नचल्ने भनी महान्यायाधिवक्ता डा दीनमणि पोखरेलले गरेको निर्णय बदर गर्नुपर्ने माग गर्दै रिट निवेदन दायर गरिएको छ।

अधिवक्ता युवराज पौडेल 'सफल' ले लामिछानेविरुद्ध आज दायर गरेको रिट निवेदनमा राहदानी दुरुपयोगमा सजाय हुनुपर्नेमा उन्मुक्ति दिएको उल्लेख गर्दै उक्त निर्णय बदर गर्न माग गरिएको छ । उक्त विवादमा मङ्गलबार सुनुवाइ हुने तय भएको छ।

यसअघि नै लामिछानेले प्रक्रियागतरूपमा नेपाली नागरिकता नलिएको उल्लेख गर्दै लामिछाने नेपाली नागरिकता नभएको फैसला सुनाएको थियो। उक्त फैसलासँगै लामिछानेको सांसद र मन्त्री पद गुमेको थियो। अहिले जिल्ला प्रशासन कार्यालयबाट प्रक्रिया पूरा गरी लामिछानेले नेपाली नागरिकता भने लिइसक्नुभएको छ।

महान्यायाधिवक्ता डा पोखरेलले लामिछानेमाथि राहदानी दुरुपयोगमा मुद्दा नचलाउने निर्णय यही चैत ६ गते गर्नुभएको थियो।

जिल्ला सरकारी वकिलको कार्यालय हुँदै उच्च सरकारी वकिलको कार्यालयबाट आएको प्रतिवेदन र महान्यायाधिवक्ता कार्यालयको टिप्पणीको आधारमा महान्यायाधिवक्ताले मुद्दा नचलाउने निर्णय गर्नुभएको बताइएको थियो। उक्त निर्णय बदर गर्न माग गर्दै रिट निवेदन परेको छ।

## सरकारद्वारा मिटरब्याजबारे छानबिन गर्न आयोग गठन

**रासस**
काठमाडौं, २० चैत

सरकारले मिटरब्याज पीडितको समस्या समाधान गर्न छानबिन आयोग गठन गरेको छ । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज बसेको मन्त्रिपरिषद्को बैठकले मिटरब्याज पीडितको समस्याबारे छानबिन गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग गठन गर्ने निर्णय भएको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो।

शनिबार गृह मन्त्रालयमा सरकार र आन्दोलनरत मिटरब्याज पीडित सङ्घर्ष समितिबीच भएको पाँच बुँदे सहमतिमा मिटरब्याज पीडितको समस्या समाधानका लागि सरकारले आयोग गठन गर्ने सहमति भएको थियो । सरकारका प्रवक्ता शर्माले भन्नुभयो, "आजको मन्त्रिपरिषद्को मुख्य निर्णय देशमा देखिएको मिटरब्याज पीडितको समस्या समाधान गर्नेतर्फ केन्द्रित छ, त्यो विषयमा छानबिन गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग गठन गर्ने निर्णय गरेको छ।" तीन सदस्यीय छानबिन आयोगको सदस्यमा उत्तमराज सुवेदी र गणेशबाबु अर्याल हुनुहुन्छ। आयोगलाई तीन महिनाभित्र प्रतिवेदन पेश गर्ने समयावधि तोकिएको छ । प्रवक्ता शर्माले भन्नुभयो, "आयोगको क्षेत्राधिकारलाई ठोस र मूर्तरूपमा मिटरब्याज पीडितको समस्या पहिचान गर्न र वास्तविक पीडितको आधिकारिक आँकडा तत्कालै ल्याउने गरी आयोगलाई अधिकार दिइएको छ ।" उहाँले मिटरब्याज पीडितको समस्या समाधान गर्न आयोगको कार्यालय जनकपुरमै राखिने र अब मिटरब्याज पीडित काठमाडौँसम्म धाइरहनु नपर्ने प्रष्ट पार्नुभयो । शनिबार उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको उपस्थितिमा मिटरब्याजीले निरक्षर, गरिब तथा आर्थिकरूपले अप्ठ्यारो परिस्थितिमा रहेका व्यक्तिसँग उच्च ब्याजदरमा ऋण असुल्ने, वास्तविक लेनदेनभन्दा बढीको तमसुक कागजात बनाउने, ऋणीको जायजेथा आफ्नो कब्जामा लिने तथा ऋणको दुश्चक्रमा फँसाई विभिन्न ढङ्गले शोषण गरेको भन्ने समस्या समाधानका लागि जाँचबुझ आयोग गठन गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने दुवै पक्षबीच सहमति भएको थियो।

साथै मिटरब्याज पीडितका नियमितरूपमा आउने उजुरी वा गुनासो सम्बोधनका लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समिति गठन गर्ने भनिएको थियो । त्यसैगरी मिटरब्याज अपराध नियन्त्रण सिफारिस कार्यदलको गत भदौ २७ को प्रतिवेदनमा उल्लेख भएका सिफारिसको शीघ्र एवं प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध निकायसँग आवश्यक समन्वय र सहजीकरण गर्ने सहमति भएको थियो।

## नेपाल र भारत बिचको दृष्टिविहिन महिला क्रिकेट बैशाख दोश्रो साता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २० चैत

नेपाल र भारत बिचको दृष्टिविहिन महिला क्रिकेट प्रतियोगिता आउँदो बैशाख दोश्रो साता पोखरामा हुने भएको छ । महिला टि-२० क्रिकेट सिरिज अर्न्तगत बैशाख १२ र १३ गते पोखरामा हुने भएको नेत्रहीन क्रिकेट संघले जनाएको छ।

नेपाली टिमका खेलाडीहरुको छनौट भई हाल उनीहरु पोखरामा बन्द प्रशिक्षणमा रहेको संघका महासचिव अमृत बरालले बताए। उक्त प्रतियोगिताका लागि नेपालका विभिन्न जिल्लाका १५ जना खेलाडी छनौट गरिएको उनले जनाए। हालै छनौट भएका खेलाडीहरुमा रिता थापा, प्रतिभा राई, मुना अर्याल, सरिता घिमिरे, दिल्लीशरा धमला, सुस्मा तामाङ्ग, विनिता मगर सोमाई, कान्ती योगी, माया लुङ्गेलि, निशा चौधरी, भगवती भट्टराई, मनकेशरी चौधरी, विमला राई, विनिता पुन र गिता पौडेल रहेका छन् । त्यसै गरी टिमको प्रमुख प्रशिक्षकमा रिजन प्रजु र सहायक प्रशिक्षकमा नहेन्द्र निरौला रहेका छन्। यही चैत १६ गते देखि आगामी बैशाख १० गतेसम्म पोखरामा बन्द प्रशिक्षण हुने भएको संघले जनाएको छ । आगामी बैशाख १५ देखि १७ गते सम्म काठमाण्डौं मुलपानीमा आयोजना हुने भएको संघले जनाएको छ।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# पोखरामा राष्ट्रिय फुटबल खेलाडी श्रेष्ठलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २० चैत

पोखरामा राष्ट्रिय फुटबल खेलाडी सुमित श्रेष्ठ (मेस्सी) लाई सम्मान गरिएको छ।

नेपालले काठमाडौंमा सम्पन्न श्री नेसन्स कप जितेपछि पहिलोपटक गृह जिल्ला आएका उनलाई स्पार्टस् क्यासल प्रालिले स्वागतसहित सम्मान अर्पण गरेको हो।

पूर्व राष्ट्रिय फुटबल खेलाडीसमेत रहेका स्पार्टस् क्यासलका सञ्चालक इश्वर गुरुङ र विजया गुरुङले फुटबलर श्रेष्ठलाई खादा माला तथा सम्मान पत्रमार्फत बधाई अर्पण गरे । सो अवसरमा बोल्दै पूर्व राष्ट्रिय फुटबल खेलाडी गुरुङले उदीयमान खेलाडी श्रेष्ठको उज्जल भविष्यको कामना गरे।

उनले श्रेष्ठलाई बाल्यकालदेखि नै हातेमालो गर्दै आएको स्मरण गर्दै अहिले आएर श्रेष्ठ आफ्नो सपना नजिक पुगेको उल्लेख गरे । 'यिनीहरुलाई मैले सानैदेखि हातेमालो गर्दै आएको छ, उनले भने, 'श्री नेसन्स कपमा डेब्यु गर्दै देशको नाममा खेल्ने सपना अहिले आएर पुरा हुदैछ। आगामी दिनमा थप राम्रो गर्न चुनौती पनि छ त्यसका लागि म शुभकामना व्यक्त गर्दछु ।' गुरुङले राष्ट्रिय टिममा स्थान बनाइरहनका लागि



कडा मेहनत गर्नुपर्ने धारणा राखे । 'सुमितको लागि यो अवसर निकै महत्वपूर्ण छ । र त्यतिकै चुनौती पनि छ। किनभने खेलाडीहरु निकै जन्मिरहेका छन् त्यसैले कडा मेहनत र परिश्रमी बन्नु आवश्यक छ' उनले भने । सम्मान ग्रहण गर्दै फुटबलर सुमित श्रेष्ठले आगामी दिनमा थप राम्रो गर्ने हौसला मिलेको बताए। उनले आफु एउटा सपना नजिक पुगेको बताउदै थप मेहनत गर्ने सुनाए। 'म तपाइहरुकै मायाले यहाँसम्म पुगेको छु । यो सम्मानले मलाई थप जिम्मेवारीको भारी बोकाएको छ, श्रेष्ठले भने, 'म बोक्न मात्रै तयार छैन । गन्तव्यमा सकुशल अवतरण गराउन पनि तत्पर छु। त्यसैले झन कडा मेहनत गर्ने प्रण गर्दछु ।' उनले आगामी दिनमासमेत आफुलाई साथ र सहगोग गर्न आग्रह गरे। 'तपाइहरुको माया मेरो एउटा पावर हो जसले गर्दा म सधै छलाङ मार्न सकिरहन्छु, उनले भने 'त्यसैले साथ र माया दिइरहनु होला ।' सो अवसरमा श्रेष्ठलाई केल्मीको आधिकारिक विक्रेता शोरुमको तर्फबाट राज रम्तेलले आकर्षक गिफ्ट ह्याम्पर प्रदान गरेका थिए। राष्ट्रिय फुटबल खेलाडी श्रेष्ठ जारी शहिद स्मारक ए डिभिजन लिगमा मनाङ मर्स्याङ्दी क्लबबाट खेलीरहेका छन्।

सो सम्मान कार्यक्रममा बगर भाइखलकका वरिष्ठ उपाध्यक्ष इश्वर गुरुङ, कोषाध्यक्ष रमेश श्रेष्ठ, जुनियर बगर भाइखलकका अध्यक्ष धन बहादुर गुरुङ, एन्फा फुटसल विभागका पूर्व संयोजक विनोद गुरुङ खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दिनानाथ बराल लगायतको सहभागिता रहेको थियो।

# आलु महोत्सवको तयारी अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
पोखरा, २० चैत

यहि चैत २६ गतेदेखि वैशाख ३ गतेसम्म हेमजामा हुन लागेको ११ औं संस्करणको राष्ट्रिय हेमजा आलु महोत्सवको तयारी अन्तिम चरणमा पुगेको छ । आयोजक विष्णुपादुका क्लवले सोमवार पत्रकार सम्मेलन गर्दै महोत्सवको तयारी करिव ७० प्रतिशत पुरा भएको जनाएको हो।

क्लव अध्यक्ष सुविन श्रेष्ठले हाल स्टल तथा वाल उध्यान व्यवस्थापन, आलु ग्रडिङ गरी संकलन गर्ने लगायतका कार्य घमाधम भइरहेको बताए ।महासचिव बसन्तकुमार श्रेष्ठले महोत्सव हेमजाको ब्रान्डिङ भएको उल्लेख गर्दै यसले समग्र कास्कीलाई नै चिनाएको स्पष्ट पारे । महोत्सव अन्तर्गत आलु तथा ताजा तरकारीको बृहत प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकारहरु प्रदर्शन तथा प्रशिक्षण, माटो, बोटविरुवाको परीक्षण तथा रोगको निधान, कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, विभिन्न कृषि उपज, विउ विजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कार लगायतका कार्यक्रम गरिने भएको छ। कोरोना भाइसरका कारण विगत ३ वर्षसम्म हुन नसकेको महोत्सवलाई यस वर्षदेखि क्लवले निरन्तरता दिन लागेको हो। महोत्सवसँगै हेमजामा उत्पादन भएको आलु तथा अन्य ताजा तरकारीको प्रचारप्रसार हुने,



हेमजालाई व्यवसायिक कृषि पर्यटकीय क्षेत्रका रुपमा देश विदेशमा चिनाउने, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत विभिन्न समूहमा व्यवसायिक कृषि खेती संचालन गर्न सहयोग तथा अभिप्रेरणा मिल्ने, क्लव भवन, तरकारी संङकलन तथा बिक्री वितरण केन्द्र निर्माण गर्ने लगायतका उद्देश्य पनि राखिएको छ । पत्रकार सम्मेलनमा धारणा राख्दै पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाँले महोत्सवसँगै हेमजाको आलुको प्रवर्द्धन हुने विश्वास व्यक्त गर्दै हेमजामा बढी मात्रामा लगाउने गरिएको एमएस ४२ जातको निलो आलु हाल सूचिकरण भइसकेको जानकारी दिए ।उनले समग्रमा कृषि पेशा प्रति विकर्षण बढ्दै जानु दुःखद् भएको औँल्याउँदै महोत्सवकै अवसर पारी महाशाखाले कृषक परिचयपत्र वितरण गर्न लागेको पनि बताए। कृषि अनुसन्धान निर्देशनालय लुम्लेका प्राविधिक अधिकृत चन्द्रकान्त तिमिल्सीनाले गुणस्तरीय मूल बीऊ, हावापानी लगायतका कारण उत्पादन घट्ने गरेको तथ्य आगाडि सार्दै हेमजालाई विशेष वीऊ उत्पादन पकेट क्षेत्र निर्माण गर्न सरोकारवाला सबै लाग्नुपर्नेमा जोड दिए। पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारीले महोत्सव समग्रमा कास्कीवासीको चाड भएको उल्लेख गर्दै हेमजावासीले विषादीरहित तरकारी उत्पादनमा जोड दिनुपर्ने बताइन् । अग्रज कृषक चित्रनाथ पौडेलले आलु महोत्सवलाई कृषि महोत्सवको संज्ञा दिर्दै महोत्सवमा कृषक सहभागिता बढाउनुपर्ने बताए। महोत्सव अन्तर्गत ३० देखि ४० टनको आलुको पहाड निर्माण गरिदैछ ।त्यस्तै साधारण प्रवेशका लागि रु.८० र विद्यार्थीका लागि रु.५० लाग्ने टिकट व्यवस्था पनि गरिएको छ।

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

**रासस**
काठमाडौं, २० चैत

सरकारले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ। नेपाल आयल निगमका अनुसार डिजेल, मट्टीतेल र हवाई इन्धनको मूल्य लिटरमा १० रुपैयाँ र पेट्रोलको मूल्य लिटरमा ३ रुपैयाँले घटाउने निर्णय भएको जनाएको छ । निगमले सोमबार विज्ञप्ती जारी गरी मूल्य घटेसँगै पेट्रोलको बिक्री मूल्य प्रतिलिटर एक सय ७५ रुपैयाँ, डिजल र मट्टीतेलको बिक्री मूल्य प्रतिलिटर एक सय ६५ रुपैयाँ कायम भएको जनाएको हो।

आन्तरिकतर्फ हवाई इन्धन प्रतिलिटर एक सय ६० रुपैयाँमा बिक्री हुनेछ। भारतीय आयल कर्पोरेसनबाट मूल्य घटेर आएसँगै आज बसेको निगम सञ्चालक समिति बैठकले इन्धनको मूल्य घटाउने निर्णय गरेको हो । "निगमले सरकारको ऋण र ईण्डियन आयल कर्पोरेशन लिमिटेडलाई हाल तिर्नुपर्ने बक्यौता रकम करिव रु १४ अर्ब बाँकी रहेको अवस्थासमेतमा आमउपभोक्तालाई सहज एवम् सरल ढङ्गबाट पेट्रोलियम पदार्थ विक्रि वितरण गर्ने व्यवस्था मिलाउँदै आइरहेको छ", विज्ञप्तीमा भनिएको छ।


## लिटिल स्टेप मा.वि.मा
## मन्टेश्वरीदेखि कक्षा ९ सम्म भर्ना खुल्यो !

40th Anniversary & Ageing with Aglow 2039 2079

**भर्ना कार्यक्रम**

- Play Group, Nursery तथा K.G. कक्षामा भर्ना चलिरहेको छ।
- कक्षा १ देखि ९ सम्मको भर्ना फारम वितरण भइरहेको छ।
- प्रवेश परीक्षा: चैत्र २४ गते। समय: ११ बजे
- विषय: विज्ञान, गणित र अंग्रेजी
- भर्ना कार्यक्रम: २०७९ चैत २६ गतेदेखि
- नयाँ शैक्षिक सत्र २०८० : वैशाख ५ गते

**विशेषता**

- मन्टेश्वरी विधिद्वारा अध्यापन।
- विज्ञान, कम्प्युटर ल्याब तथा पुस्तकालयमा वाइफाई-इन्टरनेटको सुविधा।
- छात्रवृत्तिको व्यवस्था।
- शान्त शैक्षिक वातावरण, विभिन्न खेलका लागि पर्याप्त खेलमैदान।
- अतिरिक्त क्रियाकलापको लागि दुईवटा इन्डोर र आउटडोर सहितको विशाल अडिटोरियम हल।
- बस तथा होस्टेलको पनि सुविधा।

सिमलचौर, पोखरा - ८, फोन ०६१-५७५०१३, ५५२७९६



## भारतीय राजदूतावास
## पेन्सन वितरण कार्यालय, पोखरा

सत्यमेव जयते

## दरभाउ उपलब्ध गराइदिने सम्बन्धमा।

भारतीय राजदुतावास, पेन्सन वितरण कार्यालय पोखरामा, रेट कन्ट्रेक्ट/एग्रीमेण्ट भएको मितिबाट कम्तीमा एक वर्षको लागि निम्न लिखित सामाग्रीहरुको आवश्यकता परेको हुनाले, दर, भाउ (**Rate Contract**) इन्छुक फर्म वा कम्पनीले यस कार्यालयमा मिति १२ अप्रिल २०२३ दिनाङ्क (२०७९ चैत्र २९) सम्ममा उपलब्ध गराइदिनुहुन् यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:
(क) स्टेशनरी सम्बन्धी समाग्री ।
(ख) प्रिन्टिङ सम्बन्धी सामाग्री।
(ग) आइ. टी. (कम्प्युटर) सम्बन्धी समाग्री।
(घ) कार्यालय पोशाक सम्बन्धी।
(ङ) सरसफाई सम्बन्धी सामाग्री।

नोट: आवश्यक पर्ने सामाग्रीहरुको विवरण र कन्ट्रेक्ट/एग्रीमेण्टको नियमहरु यस कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ।

सम्पर्क नं. ०६१-४३२८०४
०६१-४३२८०५

सहायक सहचारी र कार्यालय प्रमुख
भारतीय राजदुतावास
पेन्सन वितरण कार्यालय, पोखरा



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार
### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । - नेपोलियन

## सम्पादकीय

# खेर गएका एक सय दिन

आम चुनावपछि बनेको पुष्प कमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले सय दिन पुरा गरेको छानेकपा एमालेको पहलमा बनेको सात दलीय गठबन्धनका प्रधानमन्त्री दाहालले सय दिन भित्र अर्को गठबन्धन गराएर राजनीतिक अस्थिरता निम्त्याएका छन।चुनाव अघिको काङ्ग्रेस नेतृत्वको गठबन्धनमा गएर पदका लागि सबै इमान गुमाएका छन।सरकारको सय दिनको उपलब्धि खेलाडीलाई पुरस्कार वितरण र सेवाग्राहीको लाइन घटेको देखाउन खोजिएको छाचुनावको ताजा जनादेश पाएको प्रतिनिधिसभा र प्रदेश सभाले जनताको विश्वास जित्ने गरि कुनै सन्देश दिन सकेको छैन । एक सय दिनसम्म पनि पूर्णता नपाएको सरकारले संसदलाई विजनेश दिन सकेको छैन । केही विधेयकहरू संसद्मा लगिए पनि ती विवादित बनेका छन् ।

संसद्मा विचाराधीन 'बेपत्ता व्यक्तिहरूको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१लाई संशोधन गर्न बनेको विधेयक' विवादित बनेको छ । त्यसै गरी संवैधानिक परिषद् ऐनको संशोधन गर्ने विधेयकप्रति पनि प्रमुख प्रतिपक्षी दलको आक्रोश देखिन्छ । त्यसो त प्रधानमन्त्री प्रचण्ड आम नागरिकलाई राहत दिनेगरी सुशासन गर्नभन्दा प्रचारवाजीमै बढी केन्द्रित देखिएका छन् । प्रधानमन्त्रीको प्रचारबाजी यति सशक्त छ कि प्रधानमन्त्रीले गरेको भाषणलाई काम सम्पन्न भएको भ्रुटो प्रचार गर्ने गरेका छन।

दशवर्षे सशस्त्र द्वन्द्वसँग जोडिएका विषयमा संक्रमणकालीन न्याय नटुंगिदै 'सहिद घोषणा', जीवित व्यक्तिसमेत समेटेर राजपत्रमा सहिदको सूची प्रकाशन, संविधानसभामै अस्वीकृत भएको 'जनयुद्ध' शब्दलाई सरकारले आधिकारिकता दिने प्रयास गर्नु, 'जनयुद्ध दिवश'मा बिदा र अनमिनको प्रमाणीकरणमा अयोग्य सावित भएका लडाकूलाई १६ वर्षपछि राज्यको ढुकुटीबाट जनही दुई लाख भत्ता उपलब्ध गराउने जस्ता निर्णयहरू विवादित छन् । चर्को व्याज धान्न नसकेर इलामका प्रेम आचार्यले गरेको आत्मदाह र मिटरव्याजीको काठमाडौं केन्द्रित आन्दोलन पनि यसबीच उठेका ठूला मुद्दा हुन् जसलाई सरकारले कुनै सम्बोधन गर्न सकेको छैन ।

देशको अर्थतन्त्र अत्यन्तै नजुग हुँदै गएको छ । राजश्वले तलब-भत्ता खुवाउन नसक्ने अवस्था सिर्जना भएको छ । सेयरबजार लगातार गिर्दो अवस्थामा छ । रेमिट्यान्स बढेको छैन । सरकारले ढुकुटीमा जम्मा भएको विकास बजेट खर्च गर्न सकेको छैन । निर्यात बढ्नु त भन् परैको कुरो भो । व्यापार घाटा दिनदिनै बढ्दै छ । परिणामस्वरुप बजारमा तरलताको अभाव भएको छ । समग्रतामा भन्दा सरकारले १०० दिन पूरा गर्दा कुनै आशाको सञ्चार गर्न सकेको छैन नागरिकमा । सर्वत्र निराशा छ। उपचुनावलगत्तै फेरि सत्ताको खेल हुने संकेतहरू देखिन थालिसकेका छन् ।

यो अवस्थामा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको पहिलो कार्यकाल जति अनुभवहीन भए पनि उनीप्रति जनताको आशा थियो । सशस्त्र द्वन्द्वको रापताप थियो । प्रष्ट बहुमत नभए पनि कांग्रेस-एमाले दुवै दल जोड्दाभन्दा पनि ठूलो पहिलो पार्टीका अध्यक्ष पनि थिए । तर, तेस्रो कार्यकालमा जतिसुकै अनुभव भए पनि उनीप्रति जनताको आशा-भरोसा क्रमशः कमजोर हुँदै गएको छ । जनतामा छाएको निराशा र दाउपेचको राजनीतिले अविश्वास बढाउने काम बाहेक केही गर्न सक्नेछैन।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्फनुहोस् ।

# घार्मी सहकारीको अन्तर्क्रिया

पोखरापत्र संवाददाता
पोखरा, २० चैत

न्युन आय आर्जन गर्ने व्यक्ति तथा समुदायको लागि सहकारी संस्था वरदान सावित भएको एक कार्यक्रममा वक्ताहरुले बताएका छन्।

६६औं राष्ट्रिय सहकारी दिवस तथा प्रथम वार्षिकोत्सवको अवसरमा घार्मी कृषि, पर्यटन तथा बाताबरण सहकारी संस्था लिमिटेडले पोखरा १९ घार्मीमा गरेको अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरुले सहकारीले बचत संकलन मात्र नगरी उद्यमशिलताको क्षेत्रमा पनि ध्यान दिनुपर्नेमा जोड दिएका छन् ।

सहकारीका अध्यक्ष एवं पोखराका युवा व्यवसायी पोषराज पौडेलले सहकारीले स्थापनको पहिलो वर्ष पुरा गरेको बताउँदै, एक वर्षको विचमा आफुहरु कृषि उद्यम र पर्यटन क्षेत्रमा केन्द्रीत रहेको बताए । सहकारीका सल्लाहकार एवं शिक्षासेवी वैकुण्ठ पौडेलले घार्मी कृषि उत्पादन र पर्यटनका दृष्टिले महत्वपूर्ण क्षेत्र रहेको बताउँदै, यहाँको माटो सुहाउँदो योजना बनाएर सहकारी सदस्यहरुको विचमा जान सुझाव दिए। सहकारीका अध्यक्ष पोषराज पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष प्रदीपराज पौडेल, सल्लाहकार रामचन्द्र पौडेल, सहकारीकर्मी राजकुमार पौडेल, तेजेन्द्र पौडेल, करूणा देवकोटा पौडेल लगायतकाले राष्ट्रिय सहकारी दिवसका विषयमा बोलेका थिए ।



सो अवसरमा सहकारीले आफ्नो प्रथम स्थापना दिवस पनि मनाएको छ।

# रोयल सहकारीद्वारा आश्रमलाई सहयोग

पोखरापत्र संवाददाता
स्याङ्जा, २० चैत

स्याङ्जा सदरमुकामको पुरानो सहकारी रोयल बचत तथा ऋण सकारी संस्थाले आश्रमलाई आर्थिक सहयोग गरेको छ । पुतलीबजार नगरपालिका १४ लामागेस्थित पाणिनी (गुरुकुल) आश्रमलाई सहकारीले आर्थिक सहयोग गरेको हो ।

'६६ औं राष्ट्रिय सहकारी दिवस-२०७९' को अवसर पारेर सहकारीले आश्रमलाई नगद सहयोग गरेको सहकारीले जनाएको छ । आर्थिक समस्याले आश्रममा अध्ययनरत विद्यार्थीलाई असहज भएको बेला संस्थाले १८ हजार १ सय रुपैयाँ सहयोग गरेको सहकारीका प्रबन्धक शान्ति ढकाल अर्यालले जानकारी दिईन् । सहकारी दिवसमा आश्रमलाई सानै सहयोग भएपनि महत्वपूर्ण हुने भएकाले नगद सहयोग गरिएको सहकारीले जनाएको छ। सहकारीले सामाजिक उत्तरदायित्व अन्तर्गत आश्रमलाई सहयोग प्रदान गरेको हो । सहकारीले विभिन्न अवसरमा रचनात्मक कार्यक्रम गर्दै आएको छ । कक्षा ८ सम्म पठनपाठन हुने (गुरुकुल) आश्रममा १४ जना विद्यार्थीहरुले अध्ययन गर्दै आएका छन् । स्थानीयबासीको सहयोगबाट आश्रम संचालन हुँदै आएको आश्रम संचालक समितिका सचिव रविन के.सी.ले बताए । झण्डै १२ रोपनी जग्गामा बनेकाको आश्रम करिब १ दर्शकदेखि संचालनमा छ । रोयल सहकारीका अध्यक्ष नारायणप्रसाद पौडेलको अध्यक्षतामा भएको सहयोग हस्तान्तरण कार्यक्रमको संचालन सहकारीका सचिव प्रकाश डोटेलले गरेका थिए भने स्वागत संचालक रामप्रसाद लम्सालले गरेका थिए । आश्रमका बारेमा आश्रमका कार्यबहाक अध्यक्ष चुडामणी शर्माले जानकारी गराएका थिए । २०५६ सालमा स्थापित सहकारीले जिल्लाभर बचत तथा ऋणको कारोबार गर्दै आएको छ । करिब १ हजार ५ सय शेयर सदस्यहरुले कारोबार गर्दै आएको सहकारी जिल्लाका प्रतिष्ठित व्यक्तिहरुको सहभागितामा संचालन गर्दै आएका छन् ।

# बसपार्कमा टर्मिनल भवन निर्माण

पोखरापत्र संवाददाता
बेनी, २० चैत

म्याग्दी सदरमुकाम बेनीस्थित कालीपुल बसपार्कमा टर्मिनल भवन निर्माण भएको छ ।

सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङले बेनी नगरपालिका-८ मा रहेको कालीपुल बसपार्कलाई व्यवस्थितरुपमा सञ्चालनका लागि गुरुयोजनाअनुसार टर्मिनल भवन निर्माण सम्पन्न गरेको हो । देशका विभिन्न ठाउँका लागि छुट्ने र म्याग्दी आउने सवारी साधनलाई बिसौनीको रुपमा प्रयोग हुँदै आएको कालीपुलमा यात्रुलाई सहज सुविधाका लागि टर्मिनल भवन निर्माण गरिएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताउनुभयो ।

भवन निर्माण सम्पन्न भएसँगै बेनी नगरपालिकाले यातायात व्यवसायीका टिकट काउण्टरलाई टर्मिनल भवनमा राख्ने तयारी थालेको छ । सघन सहरी तथा भवन आयोजना कार्यालय बागलुङसँग भ्याटसहित रु दुई करोड ८५ लाखमा योजना सम्झौता गरेको शुभ कन्स्ट्रक्सन काठमाडौंले भवन निर्माणको काम सम्पन्न गरेको छ । आयोजनाकी इन्जिनियर बिना साकटुले भवन निर्माण कार्य सम्पन्न भएको र केही दिनमा बेनी नगरपालिकालाई हस्तान्तरण गर्ने योजना रहेको जानकारी दिनुभयो । नवनिर्मित भवनमा सार्वजनिक शौचालय, बाथरुम, टिकट काउन्टर र यात्रु प्रतीक्षालयलगायतको सुविधा रहेको छ । अपाङ्गमैत्री भौतिक संरचना निर्माण गरिएको टर्मिनल भवनमा नगरले टिकट काउण्टर सञ्चालनका लागि प्रयोग गर्ने जनाएको छ ।

आयोजनाले भवन हस्तान्तरण गरेर नगरपालिकाको स्वामित्वमा आएमा टिकट काउण्टरको रुपमा प्रयोग गरिने नगर प्रमुख केसीले बताउनुभयो । अहिले बसपार्क क्षेत्रमा अस्थायी पूर्वाधार र अन्य क्षेत्रमा काउण्टर राखेर सेवा दिँदै आएका यातायात व्यवसायीले टर्मिनल भवनमा मात्रै काउण्टर राख्ने भएपछि यात्रुलाई समेत सहज हुने भएको छ । सवारी साधनको बढ्दो चापलाई मध्यनजर गर्दै बसपार्कमा रहेका पुराना अव्यवस्थित संरचना हटाउँदै बसपार्कलाई व्यवस्थित र फराकिलो बनाउन लागिएको छ ।

विसं २०७४ मा सहरी विकास मन्त्रालयले रु २१ करोड लागत अनुमानमा बसपार्कको गुरुयोजना तयारी पारेको थियो । गुरुयोजनाअनुसार बसपार्कमा नगरपालिका, प्रदेश र सङ्घ सरकारको सहकार्यमा बसपार्क ढलान गर्ने, नाली निर्माण गर्नेलगायतका पूर्वाधार निर्माण भइरहेको छ ।

विसं २०६४ मा पर्वत र म्याग्दी जोड्ने कालीगण्डकी नदीमाथि पक्की मोटरेबल पुल निर्माण भएपछि कालीपुलमा बसपार्क सञ्चालन भएको थियो ।

# नयाँ वर्षमा चार चलचित्र

रासस
काठमाडौं, २० चैत

आगामी वैशाख १ मा चार चलचित्र प्रदर्शन हुँदैछ । यसअगाडि यस्तो सङ्ख्यामा नेपाली चलचित्र एकसाथ प्रदर्शन भएको थिएन ।

वैशाख १ गते 'नाई नभन्नू ल ६', 'प्रसाद २', 'जारी' र 'बिहे पास' एकसाथ प्रदर्शन हुने घोषणा गरेर प्रचारप्रसार गरिहेका छन् ।' नाई नभन्नु ल'को छैटौं शृ लालाई विकासराज आचार्यले निर्देशन गर्नुभएको हो । यसमा आँचल शर्मा, आर्शिवाद क्षेत्री, केकी अधिकारीलगायतले अभिनय गर्नुभएको छ । "प्रेमकथा कै निरन्तरता पाउनु हनेछ । दर्शककै मायाले छैटौं शृ लासम्म आइपुगेका छौं । यसपटक द्वन्द्व पनि छ । समग्रमा मनोरञ्जनको प्याकेज तयार गरेका छौं", निर्देशक आचार्यले भन्नुभयो । सोही मितिमा अभिनेता दयाहाङ राई अभिनित दुई चलचित्र बिहे पास र जारी एकसाथ प्रदर्शन हुँदैछ । लिम्बुसमुदायको प्रेमकथालाई विषयवस्तु बनाएको 'जारी' मा श्रीमती फिर्ता ल्याउन सङ्घर्षरत श्रीमान्को कथा रहेको निर्माण पक्षले जानकारी दिएको छ । कवि उपेन्द्र सुब्बाको निर्देशन रहेको चलचित्रमा अभिनेता राईसँगै मिरुना मगर, विजय बराल, कमलमणी नेपाल, रेखा लिम्बुलगायतले अभिनय गर्नुभएको छ । सोही मितिमा प्रदर्शन हुने भनिएको अभिनेता राई अभिनित 'बिहे पास'मा प्रकृति श्रेष्ठ, वृद्धि तामाङ, शिशिर वाङ्देलगायतले अभिनय गर्नुभएको छ । प्रवेश पौडेलको निर्देशन रहेको चलचित्रमा बिहे गर्नको लागि सरकारी जागिर हुनुपर्छ भन्ने मान्यताको कथावस्तु रहेको छ । "निर्माण, प्रदर्शन स्वाभाविक प्रक्रिया हो । यसलाई त्यहिरूपमा हेर्नुपर्छ। हेरौं आउने नतिजाले आगामी दिनलाई निर्णय गर्न सहज हुन्छ कि ?", अभिनेता राईले भन्नुभयो । यस्तै, वैशाख १ मै प्रदर्शनमा आउने चलचित्र हो 'बुलाकी' । कर्णालीको ग्रामीण जीवन, रितिथिति, जारी प्रथा तथा परिवार र सम्बन्धलाई देखाईएको चलचित्रलाई विराज विष्टले निर्माण गर्नुभएको हो । सुरक्षा पन्त, नरेन खड्कासँगै स्वयम् निर्माता विष्टले अभिनय गर्नुभएको छ । नयाँ वर्षलाई लक्षित गर्दै चार चलचित्र प्रदर्शन हुनु सुखद् नरहेको वितरक करण श्रेष्ठले बताउनुभयो । "एकसाथ यसरी चलचित्र प्रदर्शन हुनाले सबैलाई घाटा गर्छ । विदालाई लक्षित गर्दै दुईसम्म चलचित्र प्रदर्शन हुनु सामान्य मानिन्छ", वितरक श्रेष्ठले भन्नुभयो, "यसबारे सम्बन्धित संस्थाले सोच्नै पर्छ । यहिक्रम रहने हो भने आगामी दिन झनै मुस्किल हुनेछन् ।"

# पैयुँ गाउँपालिकाले नमुना विद्यालय कार्यक्रम सञ्चालन गर्ने

पोखरापत्र संवाददाता
पर्वत, २० चैत

पैयुँ गाउँपालिकाले आगामी शैक्षिक सत्रदेखि नमुना विद्यालय कार्यक्रम सञ्चालन गर्ने भएको छ। यसका लागि गाउँपालिकाभित्रका कुनै एक विद्यालयमा कक्षा नौसम्म अङ्ग्रेजी माध्यममा अध्यापन गराइनेछ ।

अङ्ग्रेजी माध्यमको शिक्षाप्रति अभिभावक र विद्यार्थीको बढ्दो आकर्षणलाई ध्यानमा राखेर यो अभ्यास गर्न लागिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशव लामिछानेले जानकारी दिनुभयो । अङ्ग्रेजी माध्यममा अध्यापन हुने विद्यालय खोजीमा निजी विद्यालयमा आकर्षित भइरहेको अवस्थामा गाउँपालिकाले सामुदायिक विद्यालयमा यो अभ्यास सुरु गर्न लागेको हो । "अंग्रेजी माध्यमको सिकाइका लागि भन्दै बजारमा बस्ने र निजी विद्यालयमा सन्तानलाई पढाउने गरेको त देखिएकै छ", प्रमुख प्रशासकीय अधिकृत लामिछानेले भन्नुभयो, "हाम्रो ध्येय सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीय, जनअपेक्षा अनुसारको र प्रतिस्पर्धी बनाउने हो ।

हाम्रो उत्पादनले विश्व बजारमा प्रतिस्पर्धा गर्न सकोस् भन्ने हाम्रो चाहना हो ।" गाउँपालिकाले शैक्षिक सुधार योजना अन्तर्गत यसवर्ष अङ्ग्रेजी माध्यमको एउटा नमुना विद्यालय सञ्चालन गर्ने छ । नयाँ वर्षदेखि सबै विद्यालयमा नर्सरीदेखि कक्षा १ मा अनिवार्य रुपमा अङ्ग्रेजी माध्यमबाट पठनपाठन गराउने व्यवस्था मिलाइनेछ भने कुनै एक विद्यालयमा कक्षा ९ सम्म अङ्ग्रेजी माध्यमबाट रुपमा पठनपाठन सुरु गर्ने योजना अगाडि सारेको हो । सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीय, जनअपेक्षा अनुरुपको, प्रतिस्पर्धी बनाउने उद्देश्यले गाउँपालिकाले सर्वपक्षीय छलफलसमेत गरेको गाउँपालिका अध्यक्ष तोरण मल्लले बताउनुभयो ।

गाउँपालिकाभित्र आठ वटा माध्यमिक विद्यालय सञ्चालनमा छन् । नौ कक्षासम्म अङ्ग्रेजी माध्यममा शिक्षण गर्ने गरी ती विद्यालयबाट प्रस्तावनाको आह्वान गरिएको छ । इच्छुक विद्यालयबाट प्रस्तावना प्राप्त विद्यालयको भौगोलिक अवस्था, पूर्वाधारको अवस्थाका बारेमा गाउँपालिकाले अध्ययन गर्ने भएको छ ।

# खानेपानीको वैकल्पिक व्यवस्था

पोखरापत्र संवाददाता
तनहुँ, २० चैत

जिल्लाको म्याग्दे गाउँपालिका-४ स्थित पीपलटार खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको खानेपानी ट्याङ्कीमा महिलाको शव भेटिएपछि वैकल्पिक खानेपानीको व्यवस्था गरिएको छ ।

सोही वडाको ढाडखोला मुहानबाट ल्याइएको पानी ट्याङ्कीमा सङ्कलन गरी वितरण हुँदै आएकामा अहिले सिधै पाइपबाट बस्तीमा पानी वितरण गरिएको हो । नौ वटा धाराबाट एक सय ३८ घरधुरीमा वैकल्पिक किसिमले पानी वितरणको व्यवस्था मिलाइएको पीपलटार खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष सन्देश अधिकारीले जानकारी दिनुभयो । गण्डकी प्रदेशका खानेपानी मन्त्रालयबाट रू तीन लाख ७० हजार बराबरको खानेपानी पाइप तत्काल उपलब्ध भएपछि पानी वितरणमा सहज भएको उहाँले बताउनुभयो । दुई लाख २५ हजार घनमिटर क्षमताको खानेपानी ट्याङ्कीमा महिलाको शव भेटिएपछि केही दिन पानीको समस्या भएको थियो ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. १६ अर्मला मनकामना टोल जाने सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः मनकामना टोल जाने सडक**
**स्थानः पोखरा-१६, अर्मला, कास्की**
**योजना सम्झौता मिति : २०७९/०९/२५ गते**
**योजना शुरु मितिः २०७९/१०/०१ गते**
**योजना सम्पन्न मितिः २०७९/१२/०१ गते**
**योजनाको कुल लागत : रु. ५,५५,६८९.७६ ।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.५,००,००० ।-**
**जन सहभागितावाट : रु.५५,६८९.७६ ।-**
**उपभोक्ता समिति अध्यक्षः कृष्ण प्रसाद भट्टराई**
**सम्पर्क नं.: ९८४६२५६५९६**

**मनकामना टोल जाने सडक निर्माण उपभोक्ता समिति पोखरा-१६, दुवीटोल**

# वसन्त ऋतुसँगै घोडेपानी र पुनहिलमा पर्यटकको लर्को

-ध्रुवसागर शर्मा
म्याग्दी, २० चैत

वसन्त ऋतुको मौसम । छर्लङ्गै खुलेको आकाश । उत्तरतर्फका सेताम्ये हिमाल । जङ्गलभरि राताम्ये भएर फुलेका लालीगुराँस । लालीगुराँसको छेडोबाट हिमाल हेर्दै रमाइरहेका पर्यटक। म्याग्दीको पर्यटकीयस्थल घोडेपानी र पुनहिलको यो दृश्यले यहाँ पुग्नेको मात्र होइन त्यो दृश्यको भिडियो तथा तस्वीर हेर्नेकोसमेत मन रोमाञ्चक बनाउँछ।

चक्रीय अन्नपूर्ण पदमार्गमा पर्ने घोडेपानी र पुनहिलबाट आँखै अगाडि हिमशृङ्खला र सूर्योदयको मनोरम दृश्यावलोकनका लागि अहिले आन्तरिक तथा बाह्य पर्यटकको भीड लागेको छ । समुन्द्री सतहबाट तीन हजार दुई सय १० मिटर उचाइमा रहेको पुनहिलमा वसन्त ऋतुसँगै पर्यटकको भीड लागेको हो । अन्नपूर्ण संरक्षण क्षेत्रको गुराँसे जङ्गलमा १९ प्रजातिका गुराँस पाइन्छन् । घोरेपानीदेखि एक घन्टाको पैदल दूरीमा उकालो हिँडे पछि पुगिने पुनहिलमा अहिले पर्यटकको भीड लागेको स्थानीय सुरेन गुरुङले जानकारी दिनुभयो।

धौलागिरि, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे हिमाल हेर्न आन्तरिक तथा बाह्य पर्यटकको भीड लागेको घोडेपानी प्रहरीचौकीले जनाएको छ । प्रहरी सहायक निरीक्षक सन्तोष भुसालका अनुसार पुनहिलबाट आठ हजार मिटरभन्दा अग्ला मनास्लु, अन्नपूर्ण र धौलागिरि हिमालको दूरीमा पर्ने झन्डै २० भन्दाबढी हिमचुचुरालाई नजिकबाट नियाल्न सकिन्छ। अहिले दैनिक प्रतिदिन तीन सयदेखि पाँच सयसम्म आन्तरिक तथा बाह्य पर्यटक घोडेपानी र पुनहिल आउने गरेका छन् । धेरैजसो पर्यटक घान्द्रुक एवं अन्नपूर्ण बेसक्याम्प (एबिसी) बाट फर्कने तथा पोखराबाट घोरेपानी आएर घान्द्रुक र एबिसीतिर जाने गरेका उहाँले जानकारी दिनुभयो । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा अवस्थित पर्यटकीयस्थल घोरेपानी र पुनहिलमा पर्यटकको चहलपहल सुरु हुन थालेपछि होटल व्यवसायी उत्साहित बनेका छन्। वसन्त ऋतुको अनुकूल मौसममा आन्तरिक पर्यटक प्राकृतिक सुन्दरतामा रमाउन पुनहिल पुग्न थालेका हुन् । मौसममा सुधार आएसँगै यस क्षेत्रको भ्रमणमा आउने अन्तरिक तथा विदेशी पर्यटकको सङ्ख्यामा वृद्धि हुन थालेको होटल व्यवसायीले बताएका छन् ।

विश्वप्रसिद्ध चक्रीय अन्नपूर्ण पदमार्गले समेटिएको घोरेपानी र पुनहिल क्षेत्रमा पर्यटकको चहलपहल बढ्न थालेपछि होटल व्यवसायी उत्साहित भएको घोडेपानी टोल सुधार समितिका अध्यक्ष विरेन पुनले बताउनुभयो । चक्रीय अन्नपूर्ण पदमार्गमा पर्ने पुनहिलबाट हिमशृङ्खला र सूर्योदयको सुन्दर दृश्यावलोकन गर्न पाइन्छ। घोरेपानीदेखि पुनहिलसम्म पुग्न पदमार्ग निर्माण गरिएको छ। वसन्त ऋतुको सुरुआतसँगै पर्यटकको आगमन बढेको घोडेपानी होटल व्यवस्थापन समितिका अध्यक्ष मीना पुनले बताउनुभयो । पुनहिलमा बिहानीको सूर्योदयसँगै आँखै अगाडि देखिने हिमशृङ्खलाको अवलोकनका लागि पर्यटक पुग्ने अन्नपूर्ण-५ शिखका बासिन्दा सुरेन गुरुङले जानकारी दिनुभयो। सूर्योदयको दृश्यावलोकनसँगै पूर्वदेखि पश्चिमसम्म नै लहरै देखिने हिमचुचुराको दृश्यले पर्यटक खुसी भएर फर्कने गरेको गुरुङले बताउनुभयो । घोरेपानीमा सानाठूला गरी ३० होटलमा चार सय शय्या छन्। प्राकृतिक सौन्दर्यमा रमाउन आएका आन्तरिक पर्यटकको भीडले तातोपानीका होटल तथा गेस्ट हाउस पनि खचाखच भरिएका छन्। हिमाल तथा गुराँसकै कारण घोडेपानी र पुनहिल चिनिएका छन् । प्रकृतिको सदाबहार सौन्दर्य, हिमशृङ्खलाको आकर्षण, स्थानीय सहयोगी तथा सेवा भावनाले घोडेपानी र पुनहिलको समृद्धि चुलिँदै गएको घोडेपानीका होटल व्यवसायी एवं अन्नपूर्ण गाउँपालिकाका पूर्वअध्यक्ष क्या डमबहादुर पुनले बताउनुभयो। "पर्यटकका लागि मगर, गुरुङ बस्ती, कला, संस्कृति जीवनशैली, हिमशृङ्खला, सूर्योदय, लालीगुराँस जङ्गल पदमार्गको मुख्य विशेषता हो", उहाँले भन्नुभयो, "घान्द्रुक घोडेपानी क्षेत्रमा चिनियाँ, फ्रेन्च, कोरियन र मलेसियन पर्यटक बढीमात्रामा पुग्ने गरेका छन् ।" म्याग्दी, मुस्ताङ, कास्की, लमजुङ र मनाङलाई समेटिएको अन्नपूर्ण संरक्षण क्षेत्र भ्रमण गर्न पछिल्लो समय सार्क राष्ट्रका पर्यटकलाई प्रतिव्यक्ति रु एक हजार र तेस्रो मुलुकका पर्यटकलाई प्रतिव्यक्ति रु तीन हजार शुल्क लिने गरिएको छ । घोडेपानीमा जति पनि पूर्वाधार निर्माण भएका छन्, त्यसमा सरकारको लगानी थोरै र स्थानीयको श्रम बढी रहेको स्थानीय विरेन पुनले बताउनुभयो । कास्कीको पोखरा-नयाँपुल, घान्द्रुक हुँदै घोरेपानी तथा म्याग्दी सदरमुकाम बेनी-तातोपानी, घारा, शिखदेखि घोरेपानी र नागी-महरेडाँडाबाट पुनहिल पुग्न सकिन्छ। अन्नपूर्ण पदयात्रा मार्ग सुरु भएपछि बाटो हिँड्ने पर्यटकका लागि चिया, नास्ता खुवाउन खुलेका साना होटल पर्यटकको बाक्लो आगमन बढ्दै गएपछि सुविधासम्पन्न होटल बनेका छन् । पर्यटक आगमन बढ्न थालेपछि प्रहरीले सुरक्षाका लागि गस्ती गर्न थालेको छ । अन्नपूर्ण पदयात्रा मार्ग विश्वका उत्कृष्ट १० गन्तव्यभित्र पर्छ ।

म्याग्दीको घोडेपानी, पुनहिल, कास्कीको घान्द्रुक, लान्द्रुक, एबिसी क्याम्प, घम्पुसलगायत पर्यटकीयस्थल पदयात्राको आकर्षण बनेको छ । वीरेठाँटीबाट भित्रिएका आधाजसो पर्यटक छोमरोङ हुँदै अन्नपूर्ण आधारशिविर अर्थात् एबीसी पुग्ने गर्छन् ।पदयात्रामा जाने पर्यटकको आवास र खानाका लागि घोडेपानीमा सुविधासम्पन्न होटल सञ्चालनमा छन्। पर्यटकको आवागमन बढ्दै गएपछि होटल व्यवसायीलेसमेत सेवासुविधालाईगुणस्तरीयबनाउँदै लगेका स्थानीय होटल व्यवसायीले बताएका छन् ।

घोडेपानीमा सानाठूला गरी ३० होटलमा चार सय शय्या क्षमता छ । कहिलेकाहीँ धेरै पर्यटक भएपछि होटलको आँगनमा टेन्ट राखेर पनि बास दिने गरेको घोडेपानी होटल व्यवस्थापन समितिका अध्यक्ष पुनले बताउनुभयो ।

घोडेपानी पुगेका धेरै पर्यटक हिमाल पारीको पर्यटकीय जिल्ला मुस्ताङको प्रवेशद्वारका रूपमा चिनिएको म्याग्दीमा धौलागिरि र अन्नपूर्ण हिमाल आरोहण, प्राकृतिक तातोपानी कुण्ड, अन्नपूर्ण धौलागिरि, धौलागिरि सेञ्चुरी, धौलागिरि चक्रीय, धौलागिरि आइसफल, टोडके, रुप्से झरना, अन्धगल्छी, गलेश्वर, बेनी बजारलगायत विभिन्न धार्मिक, प्राकृतिक र ऐतिहासिकस्थलको भ्रमणमा पर्यटक पुग्ने गर्छन् ।



डुङ्गा सयर गर्दै विदेशी पर्यटक :
पोखराको फेवातालमा डुङ्गा सयर गर्दै विदेशी पर्यटक। पोखराको लेकसाइडमा यति बेला विदेशी पर्यटकहरुको चहलपहल बढेको छ। तस्बिर : राधिका कँडेल/रासस

# बिक्न छाडे काम्लो, बख्खु र घुम

पोखरापत्र संवाददाता
बागलुङ, २० चैत

बागलुङको उच्च पहाडी क्षेत्रमा अहिले पनि थुप्रै भेडापालक कृषक छन् ।

हिउँद-बर्खामा लेकबेँसी गर्दै उनीहरुले भेडाबाखा पाल्दै आएका छन् । निसीखोला, तमानखोला र ढोरपाटनका उच्च पहाडी क्षेत्र पशुपालनका लागि उर्वर छन् । अहिले युवापुस्ता सहर केन्द्रित हुँदा र रोजगारीका लागि विदेश रोज्न थालेपछि भेडापालन सङ्कटमा पर्ने चिन्ता छ। वर्षौं पहिलेदेखि पुस्ता हस्तान्तरण हुँदै आएको भेडापालन अहिले केही सुस्ताएको छ।

माथिल्लो खर्कमा पुग्दा सेताम्य भेडाका बथान भेटिन्छन् । भेडापालन गर्ने अधिकांश बुढापाका छन् । कृषकले मासुका लागि भेडा मात्रै बेच्दैनन् भेडाको रौँबाट बनेका कपडा पनि बेच्छन् । भेडाको रौँबाट बनेको हापदुला, काम्लो, बख्खु, घुमलगायत कपडा पानी तार्ने, हिउँमा जाडो छेक्ने तथा गर्मीमा घाम छेक्न उपयोगी मान्छिनन् ।

आधुनिक प्रविधिसँगै विभिन्न प्रकारका कपडा भित्रिन थालेपछि स्थानीय उत्पादनले बजार पाउन छोडेको छ । कुनैबेला भेडा र रौँका कपडा बेचेर राम्रो आम्दानी गर्ने भेडापालक अहिले मासुका लागि मात्रै भेडा पाल्नुपर्ने स्थितिमा छन्। मासु गाउँमै बिक्री भए पनि ऊनका कपडा देशमा मात्रै नभएर विदेश पनि निर्यात हुने गर्दथ्यो । ऊनको कपडा बनाउन धेरै झन्झटिलो र समय पनि धेरै लाग्ने हुँदा पछिल्लो समय उत्पादनमा कमी हुन थालेको निसीखोलाका पुनराम बुढामगरले बताउनुभयो। यस्ता कपडाको मुल्य अन्य कपडाभन्दा महँगो पर्ने भएकाले स्थानीयको रोजाइमा कम पर्ने गर्छ । बुढामगरले भन्नुभयो, "पहिले भेडा पालेर राम्रो कमाई हुन्थ्यो, वर्षमा एक डेढ लाखको त घुम, काम्लो नै बिक्री हुन्थ्यो। भेडा पूजाआजा र चाडपर्वमा धेरै बेच्थे, अहिले त उही भेडा मात्रै हो, त्यही पनि बुढो भइयो पहिलेको जस्तो पाँच सय/एक हजार पाल्न सकिन्न । माथि लेकलेकमा पुग्नुपर्छ, भेडाको ऊन निकाल्नु पर्छ, कपडा बुन्न धेरै समय लाग्छ।" स्थानीय ७३ वर्षीया तिलु घर्तीले सानैदेखि भेडापालनमा लागेको र कपडा बनाउने गरेको सुनाउनुभयो । उतिबेलाअहिलेकोजस्तोओढ्ने, बिछ्याउने सिरक, डसना नहुने भन्दै भेडाको ऊनबाट बनेको कपडा प्रयोग गरेको उहाँले सम्झनुभयो। कपडा लिन बुटवल, तानसेन पुग्न समस्या हुने गर्थ्यो । "अहिले लेकमा पनि बाहिरबाट आएका कपडा छन्, पहिलेको जस्तो दुःख छैन, जमाना फेरियो, ऊनको कपडाले घोच्छ रे, लगाउँदैनन्, हामीहरु त्यही लगाएर हुर्कियौँ", उहाँले भन्नुभयो, "चप्पल सानोमा लगाएनौँ, हामी ठूलै भएपछि मात्रै लगाएका हौँ, अहिले घुम, काम्लो बुन्ने मान्छे भए, बुनेकाले बिक्री नभएको गुनासो गर्छन्, मैले सानै हुँदा बुन्न सिकेको थिए, अहिले अलिअलि त बुन्छु, पहिलेको जस्तो सकिँदैन ।" स्थानीय पविन्द्र घर्तीमगरले नयाँपुस्ताले सीप नसिक्दा परम्परागत कपडा हराउन थालेको बताउनुभयो । उहाँले केही वर्ष अगाडिसम्म विदेशबाट पनि बढी माग हुने गरेको सुनाउँदै अहिले घटेको बताउनुभयो । "पहिले एक परिवारले कम्तीमा एक हजार भेडा पाल्थे । तर अहिले निकै कम भयो", उहाँले भन्नुभयो। घर्तीले भेडापालनलाई स्थानीय सरकारले प्रवर्द्धन गर्नसके राम्रो आम्दानीको स्रोत बन्ने बताउनुभयो। ऊनका कपडाले युवापुस्ताले मन नपराउँदा बजार पाउन मुस्किल परेको उनीहरुको गुनासो छ।

# मुस्ताङमा स्याउ सङ्कलन तथा चिस्यान केन्द्र निर्माण हुँदै

रासस
मुस्ताङ, २० चैत

मुस्ताङमा स्याउ सङ्कलन तथा चिस्यान केन्द्र बन्ने भएको छ। स्याउको राजधानीको रुपमा परिचित मार्फामा पर्याप्त मात्रामा स्याउ भण्डारण गर्नको लागि एक करोड ४१ लाख लागतमा सङ्कलन तथा चिस्यान केन्द्र बन्न लागेको हो।

घरपझोङ गाउँपालिका-२ सामग्री टोल नजिकै बन्ने उक्त केन्द्रको निर्माण तत्काल सुरु गरिने फलफूल तथा स्याउ ग्रेडिङ मेसीन उपभोक्ता समितिका सचिव सकबहादुर लालचनले जानकारी दिनुभयो । उहाँका अनुसार आर्थिक वर्ष ०७९/८० को लागि केन्द्रका लागि गण्डकी प्रदेश कृषि विकास निर्देशनालयबाट रु एक करोड ४१ लाख बिनियोजन गरिएको छ। सरकारको ८५ र कृषकको १५ प्रतिशत अनुदानमा यसको निर्माण हुनेछ । चिस्यान केन्द्र बनेसँगै स्याउको पकेट क्षेत्र थासाङ गाउँपालिका-१ टुकुचे- झोङोदेखि घरपझोङगाउँपालिकाअन्तर्गतका गाउँ मार्फा, धमाङ, सबि, चिमाङ, छैरो, तिब्बतीयन क्याम्प, शीतोष्ण बागवाणी केन्द्र, स्याङ, जोमसोम, ठिनी, ढुम्बा आदि लाभान्वित हुनेछन् । यी ठाउँमा व्यक्तिगत एकाध ठाउँबाहेक हालसम्म 'कोल्ड स्टोर' बनेका छैनन् ।

मुस्ताङमा ठूलो लगानीमा बन्न लागेको चिस्यान केन्द्र पहिलो भएको सचिव लालचनले बताउनुभयो । पछिल्लो समय जिल्लामा स्याउ भण्डारणको लागि प्रदेश सरकार र अन्य निकायबाट जे जति पहल भए पनि पर्याप्त मात्रामा चिस्यान केन्द्रको अभाव रहेको कृषक बताउँछन् । यसअघि जिल्लामा भित्रिएका प्रायः चिस्यान केन्द्र आम सर्वसाधारणको पहुँचभन्दा बाहिर रहेको घरपझोङ गाउँपालिका-१ छैरोका कृषक सिंहराज लामाले बताउनुभयो। अहिले ती चिस्यान केन्द्र पनि कतिपय प्रयोगविहीनै जस्तै देखिएको उहाँको भनाइ छ । बनेका कतिपय चिस्यान केन्द्र उचित स्थानमा पनि नबनेका कारण भण्डारणमा समेत समस्या पर्ने गरेको जनाइएको छ।

ठूलो क्षमताको चिस्यान केन्द्र निर्माण हुने भएसँगै यहाँका कृषक उत्साहित बनेका छन् । चिस्यान केन्द्रमा भण्डारण गरी बेमौसममा पनि बिक्री वितरण गरी राम्रो मूल्य आर्जन गर्न सकिने भएकाले यो अत्यन्तै लाभदायक बन्ने कृषक सिंहरमज लामाले बताउनुभयो।

# एन्जिला र प्रिन्स सर्वोत्कृष्ट खेलाडी

रासस
मुस्ताङ, २० चैत

राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान एन्जिला तुम्बापो सुब्बा र ब्याडमिन्टनका प्रिन्स दाहालले वर्षको सर्वोत्कृष्ट खेलाडीको अवार्ड प्राप्त गरेका छन्।

नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी सङ्घ (एनएनआईपीए)ले आज यहाँ आयोजना गरेको १७औँ एनएनआईपीए स्पोर्ट्स अवार्ड-२०७८ मा महिलातर्फ एन्जिला र पुरुषमा प्रिन्सले सर्वोत्कृष्ट खेलाडीको अवार्ड प्राप्त गरेका हुन्। एन्जिला र प्रिन्सले सर्वोत्कृष्ट खेलाडीको अवार्डसहित जनही रु एक लाख प्राप्त गरे। त्यसैगरी करातेकी चन्चला दनुवार महिलातर्फ र पुरुषतर्फ गल्फका सद्भाव आचार्य प्रतिभाशाली खेलाडी चुनिए । यस विधाका विजेताले जनही रु ५० हजार प्राप्त गरे।

सर्वोत्कृष्ट पारा एथलेट अवार्ड सुभेक्षा खतिवडा, गजराज आदर्श खेल व्यक्तित्व अवार्ड खड्गबहादुर रानाभाट र एनएनआईपीए खेलकुद पत्रकार पुरस्कार कान्तिपुर दैनिक ध्रुव तुलाधरले प्राप्त गरे । पारा अवार्ड विजेताले रु १५ हजार, गजराज आदर्श खेल व्यक्तित्व अवार्ड विजेताले ३५ हजार र खेलकुद पत्रकारिता पुरस्कार विजेताले रु २५ हजार नगद प्राप्त गरे। यसैगरी एनएनआईपीएले ओलम्पिक कमिटीबाट आधिकारिकता प्राप्त गरेका २७ खेलका उत्कृष्ट खेलाडीलाई जनही १० हजारले सम्मानसमेत गरिएको थियो।

उत्कृष्ट खेलाडीको अवार्ड पाउनेमा आर्चरीका इमायुङ राई, एथलेटिक्सका दीपक अधिकारी, ब्याडमिन्टनका प्रिन्स दाहाल, बास्केटबलकी अनुषा मल्ल, बक्सिङकी सुष्मा तामाङ, साइक्लिङकी निष्मा श्रेष्ठ र फेन्सिङका ओमकार सिंहले उत्कृष्ट खेलाडी अवार्ड प्राप्त गरे । त्यस्तै फुटबलकी एन्जिला तुम्बापो सुब्बा, गल्फका सद्भाव आचार्य, जिम्न्यास्टिकका नारायण मानन्धर, ह्याण्डबलका विशाल नेपाली, हक्कीकी कमला चन्द, जुडोका संजित डङ्गोल, कबड्डीका घनश्याम रोका मगर, करातेकी चन्चला दनुवार, च्याप्टिङ एन्ड क्यानोइङका मोहन राणा, सुटिङकी सुष्मिता नेपाल, स्कीकी संगिता लामा, पौडीका एलेक्जेन्डर शाह र टेबलटेनिसकी सिक्का सुवाल श्रेष्ठे उत्कृष्ट खेलाडी अवार्ड प्राप्त गरे ।यस्तै टेनिसका रितिक राना, ट्रायथलनका श्रेबी महर्जन, भलिबलकी सलिना श्रेष्ठ, भारोत्तोलनका विशालसिंह विष्ट, कुस्तीकी सुशिला चन्द र उसुकी सुष्मिता तामाङले उत्कृष्ट खेलाडीको अवार्ड प्राप्त गरे।


## शिब शक्ति रोडा ढुंगा उद्योग संचालनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/१२/२१)

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ३३, मा शिब शक्ति रोडा ढुंगा उधोग द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | शिब शक्ति रोडा ढुंगा उद्योग<br>गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ३३ |
| प्रस्तावको व्यहोरा | शिब शक्ति रोडा ढुंगा उद्योग संचालन |
| प्रभाव पर्न सक्ने जिल्ला न.पा. | कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ३३ |
| कुल जग्गाको क्षेत्रफल | करीब ४१ रोपनी |
| कित्ता नं | ११८५,११८७,११८९ सहित |
| उत्पादन क्षमता मे.ट (वार्षिक) | Stone Aggregrates (Roda) = 180,000 MT,<br>Pulverised Stone(Chips) = 70,000 MT<br>Sand = 40,000 MT |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः

१) पोखरा महानगरपालिका न्यू रोड, पोखरा, कास्की, नेपाल
फोनः +९७७-०६१-५२११०५, ५२५३४०, ५२११०४, ५२१४६०
फ्याक्सः +९७७-०६१-५२०६००, ईमेलः info@pokharamun.gov.np

२) ग्रिनहेराल्ड ईन्भायरोमेन्ट एण्ड ईन्जिनियरिङ्ग कन्सल्ट प्रा. लि.
काठमाण्डौ, बानेश्वर-१० फोनः ९८४६४०४११८